# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग ६ गते २०१२ साल

### अर्थ (आय) बिभागको सूचना

२५।७।०१२

विषय:— काठमाडौंमा स्टेसनरी मालसामान पैठारी गर्नेबारे।

काठमाडौंमा पैठारी हुने चुरोट सलाई, साबुन र स्टेशनरी. रू २००६।०१० सालको पैठारी भएको सयकडा ५०+भन्दा बढी काठमाडौंमा पैठारी गर्न नपाउने भन्ने सरकारको निर्णयबारे अर्थ (आय) बिभागको आषाढ २१ गते २०१२ सालको सूचनाको सिलसिलामा, अबदेखि स्टेशनरीको हकमा राइटीङ प्याड, नोट पेपर, खाम, निम्तो र ग्रेटिंग कार्डबाहेक अरू स्टेशनरीको मालसामानमा लाइसेन्सको दरकार पर्नेछैन भन्ना निमित्त यो विज्ञप्ति प्रकाश गरिएको छ। अघि स्टेशनरी पैठारी गर्न निमित्त लाइसेन्स लिने महाजनहरूले आफ आफ्नो लाइसेन्स संशोधन निमित्त अर्थ (आय) बिभागमा मार्ग ३ गतेदेखि ऐ' १०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गतेभित्र अड्डाको टायममा आफ आफ्नो लाइसेन्स र सोसम्बन्धी सबै कागजपत्र लिई उपस्थित हुनुहोला। उक्त छुट अघि लाइसेन्स चाहिने भई मनाही भएका स्टेशनरीका मालको हकमा मात्र लागू हुनेछ।

आज्ञाले —
नीरराज भंडारी,
सेक्रेटरी:— अर्थविभाग

56

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेमराज शर्मा।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।